# किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ भाद्र २० गतेको बैठकको निर्णय ।

१. गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णयहरु, विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको निर्णय तथा दैनिक सेवा प्रवाह भएको श्रावण महिनाको कार्य प्रगति माथी छलफल गरी समिक्षा गरियो ।

२. किस्पाङ गाउँपालिका **वडा** नं. १ बस्ने कटम घलेको घर गोठमा आगलागी भई धनजन्यको क्षति भएकोमा निजलाई राहत स्वरुप रु.१५०००।(पन्ध्र हजार मात्र) उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

३. किस्पाङ गाउँपालिका सबै वडाहरुबाट कृषकहरुलाई निःशुल्क वितरण गर्न तपसिल अनुसारको नियामित वितरण र आकस्मिक प्रयोगको लागी अति आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरुको सूची स्वीकृत गरी सो अनुसार खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।

४. किस्पाङ गाउँपालिका सबै वडाहरुबाट कृषकहरुलाई नियमित तथा आकस्मिक प्रयोगमा निःशुल्क वितरण गर्न कृषि विषादी तथा विषादी जन्य सामाग्रीहरुको पेश भएको सूची स्वीकृत गरी सो अनुसार खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।

५. किस्पाङ गाउँपालिका नागरिक आरोग्य केन्द्र काहुले, नुवाकोटबाट निःशुल्क वितरण गर्न पेश भएको आयुर्वेदिक औषधिहरु सूची स्वीकृत गरी सो अनुसार गर्न गराउन कार्यालयलाई निर्देशन दिने ।